■ जनकपुरधाममा गुठी जग्गा कब्जा प्रकरण

आरोपी सांसदको मन्त्री नियुक्तिपछि चुलियो विवाद, स्थानीय आक्रोशित

■ प्रमोदकुमार साह

जनकपुरधाम। जनकपुरधामको गुठी जग्गा आफ्नो छोराको नाममा कब्जा गराउन भूमिका खेलेका व्यक्तिलाई मधेश प्रदेशमा मन्त्री बनाएपछि विवाद बढेको छ। स्थानियवासीको व्यापक विरोधका बाबजुद जनकपुरधाम उपमहानगरपालिका-१४ प्रगतिनगरमा रहेको गुठीको जग्गा कब्जा गर्न भूमिका खेलेका जंगीलाल राय यादवलाई हालै गठन भएको मधेस प्रदेश सरकारमा मन्त्री नियुक्त गरिएको छ। नेपाली कांग्रेसका मधेस प्रदेशसभा सदस्य यादवलाई आइतबार विस्तार गरिएको मधेस प्रदेश सरकारमा विनाविभागीय मन्त्री नियुक्त गरिएको थियो। मुजेलियास्थित गुठीको ६ कट्ठा ५ धुर ३ कन क्षेत्रफलमा फैलिएको बहुमूल्य जग्गा कब्जा भएको हो। बाबुको आडमा जग्गा कब्जा गरेपछि छोरा डा.अमितकुमार यादवले त्यहाँ स्थायी संरचना निर्माण गरेका छन्। आफ्नो नाममा जग्गा पास गर्दा झन् विवाद हुने डरले मन्त्री यादवले छोराका नाममा जग्गा पास गरेको बताइएको छ।

स्थानीयका अनुसार करोडौँ मूल्य पर्ने जग्गालाई माटोले पुरेर निर्माणयोग्य बनाउने कार्य लामो समयदेखि भइरहेको थियो। यस विषयले जनकपुरधाममा विभिन्न समयमा विवाद सिर्जना पनि गरिसकेको थियो। स्थानीयले मन्दिरको नाममा रहेको सार्वजनिक जग्गामा प्रदेशसभा सदस्य यादवका छोरा डा.अमितले शक्तिको आडमा बलजफ्ती पर्खाल निर्माण गरेको आरोप लगाउँदै २०८१ चैत १७ गते प्रमुख जिल्ला अधिकारी रामुराज कडरियासमक्ष ध्यानाकर्षण पत्र बुझाएका थिए।

विवादको सुरुआत चैत १५ गते बिहान भएको थियो। वडा-१४ का स्थानीयले मन्दिरको सार्वजनिक जग्गामा घेराबेर गर्दै गरेको देखेपछि कामदारलाई घेराबार रोकी तत्काल हट्न भनेका थिए। तर, कामदारहरूले उक्त जग्गा सांसद जंगीलाल यादवका छोराको नाममा भएको दाबीपछि स्थिति तनावग्रस्त बन्यो। स्थानीयले सार्वजनिक जग्गामा कुनै निर्माण हुन नदिने चेतावनी दिएपछि सांसद यादवले सो जग्गा आफ्नो भएको दाबी गरेका थिए।

स्थानीयले मन्दिरको सार्वजनिक जग्गा स्थानीय बासिन्दाहरूको साझा सम्पत्ति भएको र कुनै विवादबिना भोगचलन गर्दै आएको बताएका थिए। उनीहरूले सांसद यादवमाथि सार्वजनिक सम्पत्तिमा अनधिकृत रूपमा पर्खाल निर्माण गरिरहेको र आफूहरूले विरोध गर्दा धम्की दिइएको आरोप लगाएका थिए। सांसद यादव र पुजारीले एकअर्काको मिलोमतोमा यो कार्य गरिरहेको भन्दै त्यसलाई तत्काल रोक्नुपर्ने माग राख्दै स्थानीयले प्रहरीमा लिखित पनि उजुरी दिएका थिए।

जनकपुरधाम-१४ का स्थानीय युवा उदयकुमार यादवको नेतृत्वमा सोभित साह, विन्देश्वर यादव, महेन्द्र यादव, जागेश्वर यादव, रामसरोज यादव, ललिता यादव, जनकपुरधाम-१४ का पूर्ववडासदस्य उपेन्द्रकुमार साह, सरोजकुमार साह, विवेककुमार यादव, रामशंकर साह, कैलाश झा, जोगी यादव, कपिलदेव महासेठ, वसन्तकुमार साह, दीपक पटेल, विशाल कुमार राय, राम कुमार चौधरी, देव महरा, राम उदित महतो, मनिर राइनलगायत व्यक्तिहरूले प्रमुख जिल्ला अधिकारीलाई संयुक्त ध्यानाकर्षण पत्र बुझाएका थिए।

त्यसअघि, स्थानीयले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि निवेदन दिएका थिए।

जनकपुरधाम-८ स्थित विजयराघव कुञ्जका पुजारी रामसागर दासले मन्दिरको नाममा रहेको जग्गालाई मनखप (वार्षिक धान बुझाउने सर्त) मार्फत सांसद यादवका छोरा अमितलाई बिक्री गरेको करारनामा बाहिर आएको थियो। कागजात अनुसार ४ कट्ठा १ धुर जमिन वार्षिक ४० किलो धान मनखपमा र २ कट्ठा ४ धुर जमिन अन्य व्यक्तिलाई सिधै हस्तान्तरण गरिएको छ। पुजारी दास स्वयंले पनि सो जग्गा २२ लाख रुपैयाँमा बेचेको स्वीकार गरिसकेका छन्। स्थानीयका अनुसार त्यही जग्गाको हालको प्रतिकट्ठा मूल्य कम्तीमा २ करोड रुपैयाँ पर्छ। दासले मन्दिरका अन्य २४ कट्ठा जमिन यस्तै मनखप कागजमार्फत बिक्री गरिसकेको बताउँछन्। धनुषा, महोत्तरी, सिरहा, सर्लाही र भारतसम्मका मन्दिर जग्गा उनी यसै शैलीमा व्यापार गर्दै आएका छन्।

धार्मिक संस्थानसम्बद्ध जग्गा व्यक्तिगत सम्पत्तिको रूपमा बेच्नु कानुनसम्मत नठहरे पनि दासले आफूले गरिरहेको क्रियाकलापलाई निजी अधिकारका रूपमा प्रस्तुत गर्दै आएका छन्। दासले भने, 'जनकपुरका धेरै मठमन्दिरका महन्थ र पुजारीहरूले मनखपमा जमिन बिक्री गर्दै आएका छन्। मैले पनि यही परम्पराअनुसार बिक्री गरेको हुँ। कोही घर बनाओस्, विद्यालय बनाओस्, अस्पताल बनाओस्, मलाई केही मतलब छैन।'

स्थानीय दीपक पटेलका अनुसार नेता यादवले गुण्डाको संरक्षणमा रातारात माटो भर्ने तथा निर्माण कार्य अघि बढाएका थिए। यसै विषयमा स्थानीयहरूले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा निवेदनसमेत दिएका थिए। तर, हालसम्म कुनै अनुसन्धान अगाडि नबढेको स्थानीयको आरोप छ।

मन्त्री यादवका छोरा अमित भने आफूले जग्गा लिजमा लिएर २०७३ सालमै नक्सा पास गराएको दाबी गरेका छन्। उनले सबै निर्माण कार्य कानुनी प्रक्रियाअनुसार भएको बताएका छन्। जनकपुरधाममा मठमन्दिर तथा गुठीका जग्गा कब्जा, मनखप वा मोहियानी बहानामा बिक्री हस्तान्तरण हुने क्रम दशकयौँदेखि रोकिएको छैन। राजनीतिक पहुँचवालाहरू, कर्मचारी, व्यापारी तथा स्थानीय शक्तिशाली समूहहरूको संलग्नतामा यस्ता घटनाले धार्मिक सांस्कृतिक पहिचानमा गम्भीर संकट निम्त्याउँदै आएको स्थानीय बताउँछन्।

यसअघि पनि मन्दिर सम्बद्ध रहेका बिघौँबिघा गुठीका जग्गा महन्थहरूले कौडीको दाममा बेचेर वस्ती नै बसाइदिएका छन्। गुठीको जग्गामा वस्ती बसेपछि त्यसलाई खाली गराउनका लागि जनकपुरधामका एक वडाध्यक्षले पहल गरेका थिए। तर आफूमाथि ज्यानै लिने क्रियाकलापहरू भएपछि उनी पछि हटेका थिए। अवस्था यस्तोसम्म छ कि- जनकपुरधाममा कब्जा गरिएका गुठीका जग्गामा ठुल्ठुला भवनहरू बनिसकेका छन्। गुठीको जग्गा प्रयोग गर्दा दुईतल्ले इँटाको भवन बनाउन नहुने कानुन भए पनि गगनचुम्बी भवनहरू बनेका छन्। जनकपुरधाम उपमाहानगरपालिका मेयर मनोजकुमार साह भने गुठीको जग्गा संरक्षणका लागि आफूले पहल गरेको बताउँछन्। 'गुठीको जग्गा संरक्षणका लागि मैले पहल नगरेको पनि होइन। तर महन्थहरूले बिघौँबिघा जग्गा बेचेर बस्ती नै बसाइदिएपछि त्यसलाई खाली गराउन असम्भवजस्तै छ। गुठी संस्थान जनकपुरधामले गुठीको जग्गा संरक्षणका लागि पहल नगरेपछि जनकपुरधाममा भूमाफियाहरू हाबी हुँदै गएको सरोकारवालाको भनाइ छ।

पूर्व-पश्चिम राजमार्ग विस्तार गर्न महोत्तरीमा ६ हजार रुख काटिने

■ सौर्य समाचार

महोत्तरी। पूर्व-पश्चिम राजमार्ग विस्तारका लागि महोत्तरी जिल्लामा ६ हजार २७ रुख कटान गरिने भएको छ। पूर्व-पश्चिम राजमार्ग विस्तारअन्तर्गत कमला-ढल्केवर-पथलैया सडक पूर्वीखण्ड आयोजनाका प्रमुख राजेशकुमार दासका अनुसार विभिन्न समस्या र चुनौतीकाबीच लामो समयपश्चात् डिभिजन वनकार्यालय, वन तथा भूसंरक्षण विभाग र वन तथा वातावरण मन्त्रालय हुँदै सम्पूर्ण प्रक्रिया पूरा भएपछि रुख काटिने आदेश प्राप्त भएको हो। प्रमुख दासले यस आयोजनाअन्तर्गत पूर्वी खण्डले निर्माण कार्य गर्ने महोत्तरी, धनुषा र सर्लाही जिल्लामा जम्मा ११ हजार ५७७ रुख कटान गर्ने आदेश प्राप्त भएको बताए।

सोअन्तर्गत सर्लाहीमा ३ हजार ६७४ र धनुषामा १ हजार ८७६ रुख कटान गर्ने आदेश भएको प्रमुख दासले बताए। उनका अनुसार सडक विस्तारका क्रममा सहरी तथा बजार क्षेत्रमा ६ लेनसहित ३१ मिटर चौडाइ र अन्य क्षेत्रमा ४ लेनसहित १८ मिटर चौडाइ कायम गरिने भएको छ। सडक विस्तारका लागि सबैभन्दा बढी सालका रुख कटान गरिने भएका छन्। सडक विस्तारमा बिजुलीका खम्बा सार्ने र खानेपानीको पाइप बिछ्याउने कामसमेत चुनौतीका रूपमा रहेको आयोजना प्रमुख दासले बताए। धनुषा र सर्लाहीमा रुख कटानको काम सुरु भइसकेको र महोत्तरीमा पनि चाँडै उक्त कार्य आरम्भ हुने उनले जानकारी दिए।

ए.एण्ड बि.इन्भेष्टमेन्ट कम्पनी लिमिटेड

प्रधान कार्यालय : सामाखुसी - २६, काठमाण्डौं

तेस्रो बार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

(पहिलो पटक प्रकाशित मिति : २०८२/०८/२५)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८२ साल मंसिर २४ गते बसेको संचालक समितिको निर्णयानुसार यस कम्पनीको तेस्रो वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभा हुने मिति, समय र स्थान :

मिति : २०८२ पौष १७ गते, बिहिबार (तदनुसार १ जनवरी, २०२६)।
समय : दिउँसो ३:०० बजे।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय (सामाखुसी-२६, काठमाण्डौं)।

छलफलका विषयहरु :

क) सामान्य प्रस्ताव :

१) आ.व. २०८१/८२ को संचालक समितिको बार्षिक प्रतिवेदन छलफल गरि पारित गर्ने।
२) लेखापरिक्षकको प्रतिवेदन सहित असार मशान्त सम्मको कम्पनीको वासलात, मिति २०८१/०४/०१ देखि २०८२/०३/३२ सम्मको नाफा नोक्सानको हिसाव सहित सोही अवधिको नगद विवरण लगायत वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने।
३) लेखापरिक्षकको नियुक्ती सम्बन्धमा।
४) संचालक समितिका पदाधीकारीहरुको राजीनामा स्विकृत सम्बन्धमा।
५) संचालक समितिको निर्वाचन सम्बन्धमा।
६) कम्पनीको नाम परिवर्तन सम्बन्धमा।
७) विविध।

संचालक समितिको आज्ञाले
(कम्पनी सचिव)

Bhotekoshi Rural Municipality
Office of the Rural Municipal Executive

Fulpingkatti, Sindhupalchok

INVITATION FOR E- Bid

Second Date of Publication: 2082/08/25 (11/12/2025)

Bhotekoshi Rural Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under SQ procedures . Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Bhotekoshi Rural Municipality website www.bhotekoshimun.gov.np.

S. N.	Project Name	Contract ID	Last Date of Bid Submission	Date of Bid Opening	Bid validity period	Bid Security Amount	Cost Estiate (Inc Vat & PS)	Bid Document Fee
1	Narayanthan Selangkatti Goretobato and Railing Construction Ward no. 4	BRM/W/SQ/ 082/083-01	2082/09/11 (26/12/2025) 12:00 hrs	2082/09/11 (26/12/2025) 13:00 hrs.	45 days	40,000.00	14,69,275.91	1,000.00
2	Infrastructure Development works of Listi Healthpost	BRM/W/SQ/ 082/083-02				40,000.00	14,80,206.80	
3	Namthang Chhetang Sadak Solling, Ward no.3.	BRM/W/SQ/ 082/083-03				38,000.00	13,28,255.46	

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

बरहथवा, सर्लाही

मधेश प्रदेश, नेपाल

नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि, वितरणका लागि बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०८/२५ गते)

उपर्युक्त सम्मबन्धमा मिति २०८२/०८/०४ गतेको नगरकार्यपालिका निर्णय बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क. र यस बरहथवा नगरपालिकाको आर्थिक ऐन २०८२ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी मधेश प्रदेशको आर्थिक ऐन २०८२ को अनुसूची ६ मा ढुङ्गा, गिट्टी, वालुवा, स्लेट, ग्राभेल र रोडा विक्री एवम् घाटगद्दी (स्वीकृत खानी बाहेक) मा तोकिएको प्रति इकाई दरमा बरहथवा नगरपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र (म्याद थपको प्रमाण) र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही विद्युतिय माध्यमद्धारा (http://www.bolpatra.gov.np/egp) बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागी ३० (तीस) दिने सूचना प्रकाशन गरिएको छ।

सि.न.	सूचना/वोलपत्र नं.	वोलपत्रको नाम	उत्खनन् परिमाण (घन मिटर)	न्युनतम वोलपत्र रकम	न्युनतम वोलपत्र सकार रकम (सेवा शुल्क र मू.अ. कर बाहेक)	धरौटी रकम	वोलपत्र दस्तुर (रु.)
1	NCB:RIVER/ 01/2082/083	मलहा टोल	97400.14	15097022/-	15097022/-	सकार वा कवोल रकमको 5 प्रतिशतले हुन आउने रकम	३,000/-
2	NCB:RIVER/ 02/2082/083	हजरियाको बागमती बजार घाट	44016.592	6822572/-	6822572/-	सकार वा कवोल रकमको 5 प्रतिशतले हुन आउने रकम	3,000/-
3	NCB:RIVER/ 02/2082/083	तोकाहरटोल घाट	74819.57	11597034/-	11597034/-	सकार वा कवोल रकमको 5 प्रतिशतले हुन आउने रकम	3,000/-

अन्य विस्तृत शर्तहरुको विवरण कार्यालयको website :- www.barahathawamun.gov.np मा राखिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

PAKHRIBAS MUNICIPALITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE

PAKHRIBAS, DHANKUTA

Invitation for Seal Quotation

First Date of Publication: December 11, 2025

1. Pakhribas Municipality, Office of the Municipal Executive, Dhankuta, Koshi Province, Nepal invites electronic seal quotation from Nepalese eligible registered bidders/suppliers. Eligible registered bidders/suppliers should have following criteria;
   a. Up-to-date Firm/Company Registration Certificate.
   b. VAT and PAN Registration Certificates.
   c. Tax Clearance Certificate for the Fiscal year 2081/082.
   d. License to Trade Medicines: Issued by the Department confirming permission to trade or distribute medicines.
   e. Product Authorization Letters: Documents authorizing the supplier to distribute the specific medicines.
2. Eligible Bidders may obtain further information from office of Pakhribas Municipality, Office of the Municipal Executive, Dhankuta, Koshi Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Name of the Bank : NIC ASIA Bank, Pakhribas Branch
   Account Holder's Name : Ga 1.1 - Antarik Rajaswa Khata - Pakhribas Nagarpalika
   Account no. : 0882050028483002
   Rajaswa Shirsak No : 14249
   (Note: Bid document fee must be deposit from SuTRA Revenue model, SuTRA Revenue model bank interface, LLRP-Local level revenue portal)
4. Electronic bids must be submitted to the office Pakhribas Municipality, Office of the Municipal Executive, Dhankuta, Koshi Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Hrs of 28th December 2025. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs of 28th December 2025 at the office of Pakhribas Municipality, Office of the Municipal Executive. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
   Name of the Bank : NIC ASIA Bank, Pakhribas Branch
   Account Holder's Name : Ga 3 - Dharauti Khata-Pakhribas Nagarpalika
   Account no. : 88CA502647524003

S. N.	Contract ID	Name of Contract	Estimated Amount (Without VAT)	Cost of Bid Documents (NRs.)	Last date of bid submission	Bid Opening date	Bid Security Amount (NRs.)
1.	PKBSMUN/SQ/ GOODS/2082/083-01	Procurement of Medicine and Surgical Item	15,18,543.11	1,000.00	12:00 Hrs of 28th December 2025	13:00 Hrs of 28th December 2025	40,000.00

Chief Administrative Officer